म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५८ बुधबार १० असोज २०८० ने. सं. ११४३ञलाथ्व 27 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं**

एक-अर्काको धर्म सँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एक-आपसमा भेदभाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाल र भट्टराईलाई मुद्दा नचलाएकोमा कारण देखाऊ आदेश

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराई तथा पूर्वमुख्यसचिव लिलामणि पौड्यालविरुद्ध मुद्दा नचलाएकोमा सरकारसँग कारण सोधेको छ ।

वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने र अधिवक्ता रविन शर्माको रिट निवेदनमाथि सुनुवाई गर्दै न्यायधीश विनोद शर्माको इजलासले मंगलबार मुद्दा नचलाएको विषयमा कारण देखाऊ आदेश जारी गरेको हो । अधिवक्ता न्यौपाने र शर्माले ललिता निवास जग्गा हिनामिनामा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई तथा पूर्वमुख्यसचिव पौड्यालविरुद्ध मुद्दा नलचाएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं जिल्ला अदालतलाई विपक्षी बनाई १ असोजमा रिट दायर गरेका थिए ।




रिटमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, पूर्वमुख्यसचिव लिलामणि पौड्याल र नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरोलाई समेत विपक्षी बनाइएको थियो । उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चका न्यायधीश शर्माको इजलासले मागबमोजिम आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित बाटाको म्यादबाहेक १५ दिनभित्र जवाफ पेस गर्न भनेको हो । यसअघि नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरोले ललिता निवास जग्गा प्रकरणको अनुसन्धान सकेर मुद्दा चलाउन रायसहित फाइल सरकारी वकिल कार्यालयलाई बुझाएको थियो ।

सीआईबीले गत महिना ललिता निवास जग्गा प्रकरणमा तत्कालीन भूमिसुधारमन्त्री, सचिव, मालपोत र नापीका कर्मचारी, जग्गा खरिदकर्तालगायतविरुद्ध कीर्ते अभियोगमा मुद्दा दायर गरेको थियो । यो मुद्दामा पूर्वप्रधानमन्त्रीलाई उन्मुक्ति दिएको भन्दै सार्वजनिक आलोचना भएपछि सीआईबीले मौकाको कागज गरी पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई सरकारी साक्षीको रुपमा प्रस्तुत गरेको थियो । सर्वोच्च अदालतले यो रिट निवेदनलाई यसअघि ललिता निवास प्रकरणमै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा चलाउँदाको विवादसँग सम्बन्धित निवेदन पनि एकैसाथ राखेर सुनुवाइमा पेश गर्न आदेश दिएको छ ।

वरिष्ठ अधिवक्ता न्यौपानेले नै चार वर्षअघि पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई पनि भ्रष्टाचार मुद्दा चलाउनुपर्ने भनी सर्वोच्च अदालतमा रिट दिएका थिए । यो मुद्दा पनि अझै विचाराधीन छ । ललिता निवास प्रकरणमा मुछिएका योगराज पौडेलले दायर गरेको बन्दीप्रत्यक्षीकरणको मुद्दामा यसअघि सर्वोच्च अदालतले यो प्रकरणमा पिरामिडको माथिल्लो तहसम्म अनुसन्धान गर्न आदेश दिएको थियो । मंगलबारको इजलासले सो आदेश पनि साथै राखेर सुनुवाइमा पेश गर्न आदेश दिएको छ ।

## किताबघरको पुस्तक प्रदर्शनीयात्रा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ किताबघर, हेटौंडाको पुस्तक प्रदर्शनीयात्रा मंगलबारबाट सुरु भएको छ । हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीबाट 'किताबघर पुस्तक प्रदर्शनीयात्रा २०८०' सुरु गरिएको हो ।


असोज महिनाभर चल्ने प्रदर्शनीमा हेटौंडा उपमहानगर पालिकाका आठवटा विद्यालय समेटिने भएका छन् । बालबालिकामा पठनसंस्कृतिको विकास गराउन किताबघरले स्कुलस्कुलमै पुगेर प्रदर्शनी गर्ने योजना बनाएको किताबघरका सञ्चालक छवि अनित्यले बताएका छन् । प्रदर्शनीमा विद्यार्थीले आफूलाई मनपरेका किताब खरिद गर्न सक्नेछन् । यसका लागि किताबघरले नेपाली तथा अंग्रेजी भाषासाहित्य, इतिहास, विज्ञान, खेलकुद लगायतका चारसय बढी शीर्षकका बालपुस्तक उपलब्ध गराएको छ ।

मंगलबार कमाने एकेडेमीबाट सुरु भएको प्रदर्शनीयात्रा बुधबार कमानेकै माउन्ट एभरेष्ट बोर्डिङ र शुक्रबार हर्नामाडीस्थित मकवानपुर बालविद्या सदनमा हुनेछ । यस्तै असोज १६ गते जनप्रिय मावि, हटिया, १९ गते रेडरोज इङलिस स्कुल, २३ गते प्रगति मावि, २६ गते हेटौंडा-२ स्थित बालजागृति इङलिस स्कुल र ३० गते ज्ञानदीप शिक्षा 'जीएस' निकेतनमा सम्पन्न हुनेछ ।

# डाक्टरमाथि आक्रमण गर्नेलाई कारबाही गर्ने गृहमन्त्रीको प्रतिवद्धता

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ पछिल्ला दिनमा हेटौंडा, पोखरा लगायतका क्षेत्रमा डाक्टरमाथि भएका कुटपिटलगायतका आक्रमणका घटनामा दोषिलाई ऐनअनुसार नै कारबाही गर्ने गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रतिबद्धता जनाएका छन् ।




हेटौंडालगायतका क्षेत्रमा डाक्टरमाथि भएको कुटपिटमा कानुन अनुसार कारबाही हुने प्रतिबद्धता जनाए पछि चिकित्सक संघ र सरकारबीच तत्काललाई आन्दोलन रोक्ने र सेवा नियमित सुचारु गर्ने सहमति भएको जनाइएको छ । पछिल्लो पटक हेटौंडापछि पोखराको मणिपाल अस्पतालमा डाक्टरमाथि कुटपिट भएको थियो । चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमणमा संलग्नहरुमाथि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन २०६६ अनुसार कारबाही गर्ने सरकारले प्रतिवद्धता जनाएको हो ।

हेटौंडाको सञ्चो अस्पतालमा दुई डाक्टर, मणिपाल शिक्षण अस्पताल, पोखरा लगायतका स्थानमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएपछि चिकित्सकहरु आन्दोलनमा उत्रिएका थिए । मंगलबार गृह मन्त्रालयमा भएको छलफलमा हरेक स्वास्थ्य संस्थामा उपचारबारे कुनै गुनासो भए उजुरी गर्ने पेटिका राख्ने र कानुन हातमा लिने प्रयास गरे हुने कारबाहीबारे सूचना राख्न पनि सरकार तयार भएको छ । साथै अहिले जहाँजहाँ घटना भएको छ, त्यसमा संलग्नहरुलाई ऐन अनुसार नै कारबाही गर्ने उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले प्रतिवद्धता जनाएका चिकित्सक संघका अध्यक्ष डा. अनिलबिक्रम कार्कीले जानकारी दिए ।

बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठ, स्वास्थ्यमन्त्री मोहन बस्नेत, नेपाल मेडिकल काउन्सिल, चिकित्सक संघ, नर्सिङ संघलगायतका प्रतिनिधिको उपस्थिति थियो । रेजिडेन्ट चिकित्सकहरुले डाक्टरमाथि आक्रमण गर्नेलाई पुर्पक्षका लागि थुनामा पठाएर घटनाको अनुसन्धान गर्नुपर्ने माग राखेका छन् । उनीहरुले यो माग पूरा नभएसम्म आन्दोलन नरोक्ने चेतावनी दिएका छन् ।

हेटौंडाको सञ्चो अस्पतालमा दुई जना डाक्टरमाथि कुटपिट घटना संलग्न ६ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरि सकेको छ । पछिल्लो पटक पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ सिक्रेनी बस्ने ३६ बर्षीय जीवन लामा छन् । यसअघि हेटौंडा-१२ सिक्रेनी बस्ने ४० वर्षीय सुनिल पाखिन, रमा प्रधान, रोहित प्रधान, रमिता प्रधान, अनुप प्रधानलाई प्रहरीले पक्राउ गरेको थियो । हेटौंडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा डाक्टरको लापरबाहीको कारण मृत्यु भएको भन्दै मृतकका आफन्तसहित एक समूहले गत भाद्र २७ गते डा.विकास थापा र डा. प्रशान्त विडारीमाथि अस्पतालमै कुटपिट गरेका थिए ।

## इन्द्रसरोबरमा ३ दिन आँखा शिविर गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ३ दिने आँखा शिविर हुने भएको छ । इन्द्रसरोवर गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा ५ स्थानमा नि:शुल्क आँखा शिविर हुने इन्द्रसरोवर गाउँपालिकाको स्वास्थ्य शाखाप्रमुख मन्नुनाथ अधिकारीले जानकारी दिए ।

आँखा शिविर बुधबार फाखेल स्वास्थ्यचौकी र ५ नम्बर वडा कार्यालय चखेलमा हुने छ । बिहिबार सिस्नेरी स्वास्थ्यचौकी र मार्खु स्वास्थ्यचौकीमा हुनेछ भने शुक्रबार इन्द्रसरोवर ग्रामीण आँखा केन्द्रमा हुने अधिकारीले बताए । अधिकारीका अनुसार नि:शुल्क आँखा शिविरमा मोतिविन्दु पहिचान भएका विरामीका लागि इन्द्रसरोवर ग्रामीण आँखा केन्द्रले कुलेखानीमा शनिबार नि:शुल्क शल्यक्रिया गरिने छ । यस्तै आइतबार शल्यक्रिया भएको बिरामीको पट्टी खोलिनेछ । शिविरमा आँखा जाँच गर्न हेटौंडा र काठमाडौंबाट चिकित्सक र स्वास्थ्यकर्मीको टोली खटिनेछन् ।

## राप्ती खोलामा डुबेर बालकको मृत्यु

हेटौंडा, ९ असोज/ हेटौंडा उपमहानगरपालिका-१, स्थित राप्ती खोलामा डुबेर १० वर्षीय एक बालकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरकाअनुसार हेटौंडा-४ भैरवरोड बस्ने १० बर्षीय संसाद अन्सारीको मृत्यु भएको हो । अन्सारी आफ्नो परिवारसँग मंगलबार दिउँसो तरकारी बजारनजिकै राप्ती खोलामा पौडी खेल्न गएका थिए । सोही क्रममा अन्सारी खोलामा डुबेको र खोलाले करिब ५ सय मिटर तलसम्म बगाएको अवस्थामा शव फेला परेको जनाइएको छ ।

हेटौंडा उपमहानगर पालिका-१० स्थित राप्तीपुल नजिकै खोलामा अन्सारी बगिरहेको देखेपछि स्थानीयले उद्दार गरेर हेटौंडा अस्पताल लगेका थिए । उनको दिउँसो १२ बजेर ५० मिनेटमा हेटौंडा अस्पतालका चिकित्सकले मृत घोषणा गरेको मक्वानपुर प्रहरीले जानकारी दिएको छ ।

# शक्तिखोरबाट सालका काठसहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडामा कानुनविपरित सालको काठ काटिरहेको अवस्थामा संलग्न तीनजनालाई प्रहरीले पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१६ शक्तिश्वरबाट ३८ दशमलव २५ क्युफिट सालको चिरान काठसहित तीनजना पक्राउ परेका थिए । पक्राउ पर्नेहरुमा स्थानीय ५५ वर्षीय बालकृष्ण चौलागाई, ३८ वर्षीय नेत्रबहादुर मगर र ५३ वर्षीय धनबहादुर पुलामी रहेका छन् । अस्थायी प्रहरी पोष्ट हटियाबाट खटिएको टोलीले मंगलबार दिउँसो पौने १ बजे बालकृष्णाको घर नजिकै



बारीमा काठ काटिरहेको अवस्थामा उनीसहित नेत्र र धनबहादुरलाई पक्राउ गरेको हो ।

बालकृष्णको घर नजिकै बारीबाट सालको चिरान काठ र गोलाई २५ दशमलव २८ क्युफिट र उनको घरबाट १२ दशमलव ९७ क्युफिट काठ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर ले जानकारी दिएको छ । बरामद गरी काठसहित तीनै जनालाई नियन्त्रणमा लिएर सब डिभिजन बन कार्यालय हर्नामाडी, मकवानपुरमा पठाईएको प्रहरीले जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

**100% SCHOLARSHIP** (on tuition fee) For A Achiever

**25% SCHOLARSHIP** (on tuition fee) For 'A' Achiever

**BBS** Bachelor of Business Studies

**ADMISSION ONGOING**

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
04 HSMSS feast and Annual Athletic Meet
02 On-campus job placement fair and dedicated placement cell
05 Academic business incubation center supporting student entrepreneurs
03 Student-led clubs for leadership development
06 Experiential learning platform

*Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080*

Hetauda-4 | 057524701, 9855074222 | www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# विश्वविद्यालयको पहलमा प्रदेश सरकार

उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीको खडेरी पर्दै गएको भएपनि बागमती प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अघि बढाएको छ । बागमती प्रदेशमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना प्रक्रिया अगाडि बढाएको हो । केही समयदेखि मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउने बिषयमा बहस चलिरहेको समयमा प्रदेश सरकारले सूचना प्रकाशन गरेको हो । प्रदेश उच्चशिक्षा ऐन २०७८ बनेको डेढ वर्षपछि प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाउने आशयको सूचना प्रकाशन गरेको हो । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय मातहत रहेको प्रदेश उच्चशिक्षा परिषद्को सचिवालय, हेटौंडाले विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि सार्वजनिक सूचना माग गरेको हो । प्रदेश उच्चशिक्षा परिषद्को सचिवालयले आइतबार ३० दिने सार्वजनिक सूचना जारी गर्दै प्रदेश उच्चशिक्षा ऐनको अनुसूचीमा व्यवस्था भएअनुसारको विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस तथा शैक्षिक संस्थालाई रीतपूर्वक आवेदन दिन सूचित गरेको छ ।

ऐनमा प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्न सक्ने, मुनाफा नगर्ने सामुदायिक वा मानित विश्वविद्यालय स्थापना तथा सञ्चालन हुनसक्ने शैक्षिक उपाधि प्रदान गर्न सक्ने स्वायत्त प्रतिष्ठान स्थापना गर्न सकिने र यसका लागि परिषद्को सिफारिसमा प्रदेश सरकारको स्वीकृतिले स्थापना हुने व्यवस्था गरिएको छ । यो सूचनासँगै मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादिशिक विश्वविद्यालय निर्माण गर्ने बाटो खुलेको छ । मुलुकमा भबिश्य नभएको भन्दै माध्यमिक तहको अध्ययन पूरा गर पछि विदेशिने क्रम बढेपछि नेपालका करिब ढेड दर्जन विश्वविद्यालयले उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी पाउन छाडेको अवस्था छ । मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने बिषयमा केही दिनअघि सर्वदलीय सहमति भएको थियो । यसअघि मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने सहमति भएको मकवानपुर बहुमुखी क्याम्पसले जनाएको छ । प्रादेशिक विश्वविद्यालय रोजगारमूलक तथा प्राबिधिक शिक्षालाई प्राथमिकता दिनेगरी स्थापना गर्ने तयारी गरिएको छ । प्रदेश उच्चशिक्षा परिषदले पनि कृषि, प्राबिधिक, रोजगारमूलक बिषय अध्यापन गराउने विश्वविद्यालय, प्रतिष्ठानलाई प्राथमिकता दिन चाहेको जनाएको छ । क्याम्पस सञ्चालक समिति तथा सरोकारवालाको बैठकले हेटौंडामा विश्वविद्यालयको आवश्यक्ता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गरहेको बताइएको छ । मकवानपुर बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार सबै पुगेपनि विश्वविद्यालयका लागि आवश्यक जग्गा नपुग्ने बताइएको छ । विश्वविद्यालयका लागि तुरुन्तै जग्गा व्यवस्था गर्नुपर्ने अवस्था रहेको बताइएको छ । विश्वविद्यालयमा कृषि, स्वास्थ्य र प्राविधिक विषयलाई प्राथमिकता दिने र त्यसका लागि विज्ञहरुको प्रतिवेदन आइसकेको बताइएको छ । सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने क्याम्पसको रुपमा पहिचान बनाएको मकवानपुर बहुमुखी क्याम्पसमा दशजोड दुईदेखि स्नाकोत्तर सम्म ६ हजार भन्दा धेरै विद्यार्थी अध्यनरत छन् ।

दुई दसक अघिसम्म हेटौंडामा स्नात्तक तहसम्म मात्र पढाइ हुने गरेको थियो । २०३७ सालमा स्थापना भएको मकवानपुर बहुमुखी क्याम्पसले मकवानपुर र आसपासका विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आएको थियो । २०५० को दसकतिर स्थापना भएको हेटौंडा क्याम्पस र हेटौंडा स्कूल अफ म्यानेजमेन्ट क्याम्पसले अहिले स्नात्तकोत्तर तहमा शिक्षा, मानबिकी, ब्यवस्थापन संकायमा विद्यार्थीलाई पढ्ने सुबिधा उपलब्ध गराएको छ । पछिल्लो एक दसकमा पालुङ, मनहरी, हटिया, चौघडा, बस्तीपुरलगायतका स्थानमा पनि स्नात्तक तहको अध्यापन हुन थालेपछि विद्यार्थीले अध्ययनमा सुबिधा पाएका छन् । चितलाङमा स्थापना भएको मदन भण्डारी प्राबिधिक विश्वविद्यालयले पनि यो वर्षदेखि कक्षा संचालन गर्ने तयारी गरेको छ । हेटौंडामा वनविज्ञान अध्ययन संस्थान र कृषि तथा वन विश्वविद्यालयले पनि स्नात्तक कक्षा संचालन गरिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ११ गते बिहीबार २८ सेप्टेम्बर २०२३ । चतुर्दशी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ५:५२ । इन्द्रजात्रा (काठमाडौं मात्र) (बिदा) । रेबिजविरुद्ध दिवस । अनन्त चतुर्दशी

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मान-सम्मान बढ्नेछ | **तुला** | : हाँसखेलमा दिन जानेछ |
| **वृष** | : धन लाभ हुनेछ | **वृश्चिक** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **मिथुन** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **धनु** | : रमाइलो यात्राको योग परेको छ |
| **कर्कट** | : नबोली बस्दा राम्रो हुनेछ | **मकर** | : मन प्रसन्न रहनेछ |
| **सिंह** | : प्रेममा विवाद आउनसक्नेछ | **कुम्भ** | : नचिताएको काम सम्पन्न हुनेछ |
| **कन्या** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | **मीन** | : मिहिनेतको फल मिल्नेछ |

# शिक्षक आन्दोलनको बदनियतपूर्ण विसर्जन



✍ लालबहादुर बोहरा

राजनीतिशास्त्रमा भनाइ नै छ, 'नागरिकले आन्दोलन थाले सडक गुञ्जन्छ, आवाज बुलन्द हुन्छ र साझा लक्ष्यको प्राप्तिका लागि निस्वार्थ भावका साथ सबै जना एकलव्य तवरले केवल अगाडि बढ्छन्ह तर, फगत कार्यकर्ताहरूले आन्दोलन थाले साझा लक्ष्यको नाम भजाएर अगुवाइ गर्ने नेताहरूको स्वार्थ लेनदेनका आधारमा आन्दोलन अगाडि बढ्छह लक्ष्यमा पुगिन्छ वा पुगिन्न केही भन्न सकिंदैन ।'

राजनीतिशास्त्रको यो अन्तर्य जहाँजहाँ दलीय कार्यकर्ताहरूले आन्दोलनको थालनी गर्छन्, त्यहाँत्यहाँ यस प्रवृत्तिको पुनरावृत्ति भइनै रहन्छ । केही दिन अगाडि शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि भन्दै नेपाल शिक्षक महासंघको अगुवाइमा थालिएको राजधानीकेन्द्रित आन्दोलनलाई यसैको पछिल्लो उदाहरणका रूपमा हेर्न सकिन्छ ।

प्रष्ट छ, दलगत स्वार्थ भन्दा माथि उठ्न नसकेका शिक्षक संघ-संगठनहरू तथा दलीय कार्यकर्ताभन्दा विचारधारामा फरक नभएका शिक्षक नेताका कारण आन्दोलनले बेमोज विसर्जनको रूप लिएको कुरा सबैका सामु छर्लङ्ग छ । यसलेख मार्फत मैले शिक्षक आन्दोलनको बदनियतपूर्ण विसर्जनको अन्तर्यलाई सूक्ष्म ढंगले केलाउने प्रयास गरेको छु ।

सर्वस्वीकार्य कुरा यो छ कि विश्व-दुनियाँमा शिक्षण पेशालाई सबैभन्दा उपल्लो र सर्वसम्मानित पेशाका रूपमा लिइन्छ । राज्यका हरेक क्षेत्रका लागि आवश्यक पर्ने दक्ष जनशक्ति शिक्षण पेशाबाटै उत्पादित हुने भएकाले यसको सर्वाङ्गीण विकासका लागि राज्यले ध्यान दिन आवश्यक देखिन्छ । शिक्षण पेशाको मूल अन्तर्य कक्षाकोठामा अध्यापनरत शिक्षकहरूसँग जोडिन्छ ।

त्यसैले शिक्षकहरू दक्ष, प्रशिक्षित, अनुभवी र असल आचरणयुक्त भए मात्र शिक्षण पेशाको गरिमा ओजपूर्ण हुनसक्ने देखिन्छ । त्यसका लागि शिक्षण पेशामा असल व्यक्तिहरू प्रवेश हुन आवश्यक छ । प्रवेश भएपश्चात् तिनको पेशागत विकासका लागि राज्यपक्षबाट तथा स्वयं व्यक्तिले नै विभिन्न तालिम, सेमिनार, गोष्ठी, सम्मेलन, स्व-अध्ययन, अनुसन्धान, लेखन तथा अन्य विविध माध्यमबाट आफूलाई परिमार्जित, विकसित, नवीनतम तथा समयानुकूल बनाउँदै लैजानुपर्ने हुन्छ ।

हाम्रो राज्यपक्ष तथा हामी शिक्षक स्वयंबाट त्यो प्रयास भएको छ वा छैन मिहिनतवरले केलाउनै पर्दछ । मेरो विचारमा हामीकहाँ राज्यपक्ष र हामी स्वयं शिक्षकहरू कहीं न कहीं मूलभूत रूपमा चुकेका छौं । शिक्षकहरूले जे गर्नैपर्ने हो त्यो गर्नमा भन्दा पनि पेशागत रूपमा गर्नै नहुने कुराहरूमा हामी बढीभन्दा बढी व्यस्त भएर आफू र आफ्नो पेशालाई अस्तव्यस्त बनाउँदै लगेका छौं ।

जस्तै शिक्षकहरूले नियमित पढ्नुपर्ने हुन्छ, हामी पढ्दैनौंह सकेसम्म लेखन तथा अनुसन्धानमा लागिरहनुपर्दछ, हामी विरलै लाग्दछौंह सामाजिक आचरण, आनीबानी, व्यवहार, आदिले भरिपूर्ण हुनुपर्दछ, हामी प्राय: छैनौंह यस्तै यस्तै । तर, हामीले हाम्रा पेशागत संघ-संगठनदेखि हाम्रा वैयक्तिक आचरण दलीय बनाएका छौं ।

एउटै विद्यालयभित्र दलैपिच्छेका संगठनमा आवद्ध शिक्षकहरू लामबद्ध छौं । विचार गोष्ठीदेखि सांगठनिक भेलाहरू गर्नुपरे तिनै विचार मिल्ने तिनै दलका नेताहरूलाई बोलाउँछौं । आफ्नो पेशा भन्दा पनि पार्टीको जयजयकार गर्छौं । त्यतिले मात्र कहाँ पुग्छ र ? हाम्रा हात-हातमा संघ-संगठनको मात्र हैन सम्बन्धित दलहरूका पनि सदस्यता थामिएका छन् ।

सामाजिक सञ्जालमा पनि हाम्रा हर्कतहरू छताछुल्लै छन्- पेशागत कुराकानी भन्दा राजनीतिक सौदाबाजी नै बढी ।आफ्ना दल र संघ-संगठनका नेताहरू अनि शुभेच्छुकहरूलाई रुघाखोकी मात्र लागेको भए के भो, स्वास्थ्य लाभको कामना लेखिहाल्छौं । जन्म, मृत्यु तथा कुनै घटना घट्न हुन्न, आफ्नो जात त्यहाँ नि एकाकार गरिहाल्छौं । तर, त्यस्तै सम्मान, सदीक्षा र स्मरण अलि टाढाको लागि भने गर्न हिच्किचाउँछौं ।

हामी शिक्षकलाई हाम्रा दल, संघ-संगठन तथा हाम्रा नेताहरू हामीलाई हाम्रो आफ्नै पेशा तथा जन्मदिने बा-आमा भन्दा धेरै नै माथि लाग्न थालेको कति भो कति, है ? हाम्रो पेशा अपहेलित भएको यही कारणले हो । हाम्रा नीतिनियमहरू फितलो तथा कामचलाउ बन्ने गरेका हाम्रै नियतले हुन् । हामीप्रति समाजको हेर्ने दृष्टिकोण तथा गर्ने व्यवहार निम्नस्तरको हुनुका पछाडि पनि हामी नै दोषी छौं ।

शिक्षकहरू आफैं प्रत्यक्ष राजनीतिमा संलग्न भए वा कार्यकर्ता झैं दलहरूको पक्षपोषणमा लाग्यौं भने आफ्नो पेशागत मर्यादा त सखाप पार्छौं नै समग्र शिक्षण पेशाको नै ओज घटाउन उद्यत हुन्छौं ।

राज्यस्तरबाट हुने शिक्षकका भरुवा, सरुवा, बढुवा, पुरस्कार, दण्ड आदिमा पनि राजनीतिक हस्तक्षेप भयो भन्छौं, त्यो पनि हाम्रै औकातले भएको हैन र? समग्रमा यस पटकको शिक्षकहरूको आन्दोलन असफल भयो भन्दैछौं, हो पनि । कारण खोज्दै जाँदा त्यहाँ पनि हाम्रै कर्महरू दोषी छन् र हामी दोषी छौं ।

आखिर शिक्षण पेशालाई शिरमा राखेर यसैको विकास, समृद्धि र यथार्थताका आधारमा अगाडि बढ्नुपर्ने शिक्षकहरूले किन अरु नै गतिविधि गरिरहेका छौं, आत्मालोचित गर्नैपर्ने भएको छ । जति चाँडो यसबारेमा हामी सचेत हुन्छौं, त्यति नै हाम्रा लागि फलदायी हुनेछ ।

अब कुरा गरौं यस पटकको शिक्षक आन्दोलनको । लामो समयपश्चात् विद्यालय शिक्षा ऐन सम्बन्धी विधेयक प्रतिनिधिसभामा दर्ता हुने कुरा केही दिन अगाडि चलिरहेको थियो । त्यसको ड्राफ्ट कपी सामाजिक सञ्जाल मार्फत आमरूपमा सार्वजनिक पनि भयो । त्यसका केही प्रावधानहरू जस्तै विद्यालय शिक्षा पूर्णत: स्थानीय तह मार्फत संचालित हुने, साविकका उच्च-माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरूका बारेमा विधेयक मौन रहेको, राहत, अनुदान लगायतका दर बन्दीहरूमा ५० प्रतिशत जतिमा मात्र आन्तरिक प्रतिस्पर्धा गराइने, शिक्षक राजनीतिक गतिविधिमा संलग्न हुन नपाउने आदिले देशैभरका शिक्षकहरूलाई नराम्ररी झस्कायो ।

एकाएक शिक्षक महासंघदेखि संघ-संगठनहरूले ती प्रावधानहरूको विरुद्धमा देशैभरका सामुदायिक विद्यालयहरू बन्द गरेर काठमाडौं केन्द्रित आन्दोलन सञ्चालन गर्ने निर्णय समेत गरे । सोही बमोजिम प्रत्येक जिल्लाबाट शिक्षकहरू काठमाडौंकेन्द्रित भए र नेपाल शिक्षक महासंघको नेतृत्वमा आन्दोलनमा होमिए पनि । तर, शिक्षकहरूलाई आफ्ना स्थानीय कार्यकर्ता ठान्ने दलहरूदेखि सरकारपक्ष भने आन्दोलित शिक्षकहरूलाई विगतमा झैं कसरी ललाईफकाई गरेर आन्दोलनलाई तुहाउन सकिन्छ भन्ने ध्याउन्नमा लागे ।

इतिहास साक्षी छ, विगतमा शिक्षकहरूले यस्तै आन्दोलन गर्दा अगुवाइ गर्ने शिक्षक नेताहरूलाई विदेश सयरको मेसोदेखि अति गरे कारबाहीको पासोमा पार्नेसम्मका आश्वासन र धम्की दिएर आन्दोलन विसर्जन गराएका थिए । यसपटक पनि त्यसै भयो । तर, शिक्षण पेशाको गरिमा चाहने कतिपय शिक्षक र सरोकारवाला व्यक्तिहरूले भने विगतका कमजोरीलाई गद्दारी तथा यस पटककोलाई महागद्दारीको संज्ञा दिए ।

हुन पनि हो, यसपटक झण्डै एकतिहाइ जति शिक्षकहरू आन्दोलनका लागि काठमाडौंकेन्द्रित भएका थिए । थोरै बल र साहस गरेको भए झण्डै पाँचदशक लामो समयपश्चात् आउन लागेको विद्यालय शिक्षा ऐन मार्फत आफ्ना कतिपय मागहरू पूरा गर्दै शिक्षण पेशाको ओर्लिंदो साखलाई उकास्न सकिन्थ्यो । तर त्यसो हुन सकेन ।

मुख्य कुरा त के भने आन्दोलनरत शिक्षकहरू नागरिक वा स्वसरह भएर सडकमा आएका भए उनीहरूले नैतिकताको बलले पनि आफ्ना मागहरू पूरा गर्न सक्ने सम्भावना हुनसक्थ्यो । आन्दोलनले नै स्थानीय तहको विछट्ट राजनीतिक रसातलमा डुब्न लागेको विद्यालय तहको शिक्षालाई संविधान नै परिवर्तन गरेर भए पनि पार लगाउन सकिन्थ्यो । संवैधानिक शिक्षा आयोगका बारेमा आवाज बुलन्द गरेको भए शिक्षण पेशालाई थप आकर्षक बनाएर यसप्रतिको बुझाइलाई परिष्कृत पार्न सकिन्थ्यो ।

साथै पेशागत सुरक्षादेखि मर्यादाका कुराहरू त छँदै नै छन् । तर, व्यक्तिगत स्वार्थ र दलका नेताहरूको भक्ति गर्दै आफ्नो रोटी सेक्ने शिक्षक महासंघदेखि संघ-संगठनहरूका अगुवाहरूले विगतमा झैं यसपटक पनि धोकाधडी गरे । आफ्नो यथार्थ चित्रण सहित एतिहासिक गल्ती गरेरै छोडे । यसको इतिहासले मूल्यांकन गर्ने नै छ, गर्नु पनि पर्छ ।

विद्यालय शिक्षालाई मर्यादित बनाउन अझै पनि प्रशस्त सम्भावना छन् । सहायक खालका मामलामा भए पनि केही सहमतिहरू विगतमा पनि भएका छन् र यसपटक पनि भए । ती सबैको कार्यान्वयनमा सचेत हुनैपर्दछ । साथै, सदनमा पनि हिजोआज शिक्षा क्षेत्रको सुधारको बारेमा सघन छलफलहरू हुन थालेका छन् ।

होनहार युवा सांसदहरू जसले देश-विदेशको शैक्षिक विकासलाई राम्ररी सुझबुझ गरेका छन्, तिनीहरू पनि शिक्षा क्षेत्रको विकास गर्नैपर्ने भाष्यमा लागिपरेका छन् । यो पनि हाम्रा लागि एक आधारशिला हो । शिक्षण पेशालाई राजनीतिबाट टाढै राख्नुपर्ने तथा शिक्षकहरू कुनै दलविशेषसँग आवद्ध हुनै नहुने कुराको चर्चाले समेत ठाउँ पाएको छ । स्थानीय तहभित्रका थिति-बेथितिका बारेमा हामी शिक्षक मात्र हैन स्वयं केन्द्रीयस्तरका नेताहरू समेत जानकार छन् ।

हिजो संविधान निर्माणताका स्थानीय तह मातहत विद्यालय शिक्षा रहने व्यवस्था गरेको भए तापनि आज स्वयं कतिपय जनप्रतिनिधि त्यो प्रावधानका बारेमा आत्मालोचित हुन थालेका छन् । हामीकहाँको शैक्षिक गुणस्तर खस्कँदो भएका कारण दिनप्रतिदिन सयौं विद्यार्थी विदेशिन बाध्य छन् । यसबारेमा पनि नेपालको बौद्धिकदेखि राजनीतिक वृत्तमा राम्रै बहस हुन थालेको छ । अझै हामीले सरोकारवाला पक्षलाई बुझाउन सक्नुपर्दछ ।


यसरी यी तमाम घट्नाक्रमका बारेमा हाम्रा चासोहरू विभिन्न बहस, छलफल, सामाजिक सञ्जाल, आदिका माध्यमबाट मुखरित हुनसके अझै पनि विद्यालय शिक्षा ऐन मार्फत हामी हाम्रा जायज मागहरू सम्बोधन गर्न सक्नेछौं । दोस्रो दर्जामा दर्ज भएको शिक्षण पेशाको अवस्थितिलाई दुनियाँमा झैं सबैको आकर्षणको केन्द्र बनाउन सकिन्छ ।

अन्त्यमा, शिक्षा क्षेत्रको मर्यादा जोगाउने वा सत्यनास पार्ने भन्ने कुरा हामी शिक्षकका दिनानुदिनका व्यवहार, कार्यशैली, पेशागत निष्ठा आदिसँग जोडिएर आउँछ । शिक्षकहरू आफैं प्रत्यक्ष राजनीतिमा संलग्न भए वा कार्यकर्ता झैं दलहरूको पक्षपोषणमा लाग्यौं भने आफ्नो पेशागत मर्यादा त सखाप पार्छौं नै समग्र शिक्षण पेशाको नै ओज घटाउन उद्यत हुन्छौं ।

हामीले शिक्षण गर्ने संस्थाहरूमा शिक्षक संघ-संगठन मार्फत दलीय राजनीतिलाई भित्र्यायौं भने हामी बलिया हैन कमजोर सावित हुनेछौं र भइरहेका पनि छौं । हालैको आन्दोलनको लक्ष्यविहीन विसर्जन यसैको परिणाम हो भन्ने कुरा इतिहासले हामीलाई सदैव सम्झाइरहने छ । त्यसैले हामीले गरेका कमजोरीहरूबाट पाठ सिक्दै शिक्षण पेशाको मर्यादालाई उँचो राख्न हामी अग्रसर हुनैपर्दछ । प्रयास गरौं, लागौं र गन्तव्यमुखी यात्रा सँगसँगै हिंडौ पनि !

*(साभार: अनलाइनखबर)*

# गाउँका सिंहदरबारमा कसरी मौलायो भ्रष्टाचार ?



✍ नन्दलाल खरेल

**महालेखा परीक्षकको प्रतिवेदन हेर्दा यस वर्ष मात्र ४२ अब बेरुजु थपिएको छ । अहिलेसम्म स्थानीय तहको बेरुजु चार खर्बभन्दा बढी छ । बेरुजु बढ्नुमा कतिपयले कर्मचारीमाथि दोषारोपण गर्दै आएका छन्, कतिले राजनीतिक नेतृत्वमाथि ।**

सुशासन बोकेर नथाक्ने गाउँका सिंहदरबारहरूमा भ्रष्टाचारको ब्यारोमिटर उत्कर्षमा छ । स्थानीय सरकार जनताको घरदैलोको सरकार हो । स्थानीय सरकारलाई गाउँको सिंहदरबार पनि भन्ने गरिन्छ । गाउँका सिंहदरबारहरूमा बसोबास गर्ने नागरिकमा सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु स्थानीय सरकारको दायित्व हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्दै अगाडि बढाउनुपर्ने हो तर स्थानीय सिंहदरबारका नाइके नै स्थानीय अभ्यासको मर्मभन्दा भ्रष्टाचारमा लिप्त देखिएका छन् । अख्तियारले २०७९ असोजमा राष्ट्रपतिलाई बुझाएको पछिल्लो वार्षिक प्रतिवेदन अनुसार संघ, प्रदेश र स्थानीय तहमध्ये स्थानीय तहको उजुरी सबैभन्दा धेरै छन् । प्रतिवेदन अनुसार, ४७ प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित छन् ।

सुशासनको आँखीझ्यालबाट गाउँका सिंहदरबार (स्थानीय तह)लाई हेर्दा संघीय सरकारलाई समेत पछि पारेको देखिन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहलाई प्रदान गरेको एकल अधिकारको अभ्यास गर्न तीन तहका सरकार स्वायत्त छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुनले स्थानीय सरकारलाई कानुन बनाउने, कार्यान्वयन गर्ने र न्यायिक समितिमार्फत विवाद निरूपण गर्ने अधिकार प्रदान गरेको छ । त्यस्तै, आर्थिक अधिकारसम्बन्धी कानुन बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकारका साथै सिफारिस र प्रमाणीकरणको अधिकार स्थानीय तहलाई छ । यद्यपि सुशासन कायम गर्ने र सेवालाई प्रभावकारी बनाउनेभन्दा स्थानीय तहका नेतृत्व आफू अनुकूल प्रशासन चलाएर आर्थिक अपचलन गर्नेतर्फ लागेका छन् ।

मुलुकले स्थानीय सरकारको अभ्यास गरेको ६ वर्ष नाघिसकेको छ । यद्यपि स्थानीय स्तरमा चरम वित्तीय अनुशासनहीनता देखिएको छ । संघले खटाएका कर्मचारीलाई हाजिर नगराउने, वरिष्ठता र सक्षमलाई पाखा लगाएर जिम्मेवारी दिने प्रवृत्ति छ । लोकसेवा आयोगलाई धोती लगाएर राजनीतिक नेतृत्वको इसारामा करारमा कर्मचारी भर्ना गर्ने काम बढेको छ । जनप्रतिनिधिले जनताको सेवा र सुविधाभन्दा पनि आफ्नो सेवा-सुविधा वृद्धि गरेको पाइएको छ । विकासका प्राथमिकताहरू किटान गरिएका छैनन् । नातावाद, कृपावाद र भ्रष्टाचार मौलाउँदो छ । हिजो सिंहदरबार वरिपरि मात्र बढी भ्रष्टाचार हुन्थ्यो भने आज गाउँका सिंहदरबारसम्म दलाल, माफिया र तस्करको रजगज छ । कतिपय तिनै व्यक्तिहरू शक्ति र धनको बलमा जनप्रतिनिधिको रूपमा चुनिएका छन् । उनीहरूको ध्यान विकासभन्दा पनि भ्रष्टाचार गरी कसरी अकुत आर्जन गर्ने भन्ने छ ।

नेपाल सरकार मन्त्रीपरिषद्द्वारा २०७४ जेठ १७ मा जारी गरिएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ जारी भएको छ । जस अनुसार स्थानीय तहले विभिन्न अधिकार स्वयं प्रयोग गर्न पाउँछन् । नयाँ संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनायो । स्थानीय तहमा अधिकार आएसँगै दुरुपयोग गर्ने काम पनि उत्तिकै छ । वडाध्यक्षदेखि पालिका अध्यक्षसम्मले आफन्तहरूको नाममा डोजर र एक्साभेटर किनेका छन् । विकासका नाममा उनीहरू आफैंले ठेक्कापट्टा लिँदा भ्रष्टाचार मौलाउँदै गएको छ । उनीहरूले आफूलाई सर्वेसर्वा ठान्ने र कानुनको छिद्रहरू प्रयोग गरी गलत फाइदा उठाउने काम बढेको छ । जनप्रतिनिधि आफैं निर्माण व्यवसायीको रूपमा प्रस्तुत हुँदा थप समस्या देखिएको हो ।

आर्थिक अपारदर्शिताका कारण स्थानीय तहमा आधा दशक वर्षको महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन हेर्दा बेरुजु र कमको ब्यारोमिटर उत्कर्ष देखिन्छ, अर्थात् यो प्रत्येक वर्ष घट्नेभन्दा बढ्ने कम बढी छ । महालेखा परीक्षकको प्रतिवेदन हेर्दा यस वर्ष मात्र ४२ अब बेरुजु थपिएको छ । अहिलेसम्म स्थानीय तहको बेरुजु चार खर्बभन्दा बढी छ । बेरुजु बढ्नुमा कतिपयले कर्मचारीमाथि दोषारोपण गर्दै आएका छन्, कतिले राजनीतिक नेतृत्वमाथि । जसले जे भने पनि यी दुवैको मिलीभगतले नै बेरुजु बढ्ने गरेको हो । बेरुजु बढ्नुमा अर्को कारण निर्णय र कार्यान्वयन प्रक्रियामै त्रुटि पनि देखिन्छ । निर्णय गर्ने र कर्मचारीलाई कार्यान्वयनका लागि दबाब दिँदा यो अवस्था सिर्जना भएको हो ।

स्थानीय तहमा भ्रष्टाचार बढ्नुमा निर्वाचित जनप्रतिनिधिले सार्वजनिक खरिद ऐनविपरीत मनोमानी गरेकाले पनि हो । अख्तियारले अहिले आफूले हेरिरहेका स्थानीय तहका धेरै मुद्दामा सार्वजनिक खरिद ऐनलाई लत्त्याएर काम गरेको पाइएको जनाएको छ । वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा निर्माणका काम सोही आर्थिक वर्षमा सम्पन्न नगरी पेस्की राख्ने प्रचलन बढ्दा पनि स्थानीय निकायमा भ्रष्टाचार बढेको छ । स्थानीय तहमा स्वरोजगार कार्यक्रमअन्तर्गत आवश्यक युवा छनोट गरी कार्यक्रम सञ्चालन गरिँदैन, कार्यालयको स्वीकृत दरबन्दीभन्दा बढी करार ज्यालादारीका कर्मचारी राखिन्छ । यसको अन्त्य कहिले र कसरी हुने हो यसै भन्न नसकिने अवस्था छ ।

प्रतिस्पर्धात्मक वित्तीय विकेन्द्रीकरणको अभावमा पनि स्थानीय तहमा आर्थिक अनियमितता बढेको छ । स्थानीय तहमा पर्याप्त मात्रामा काममा प्रतिस्पर्धा गर्ने व्यक्ति वा फर्म तयार छैनन् । राजनीतिक सहमतिका नाममा भागबन्डा गरेर बजेट दुरुपयोग हुने गर्छ । स्वास्थ्य, शिक्षा र रोजगारी नागरिकको प्राथमिकता रहे पनि 'कमिसन'को लोभमा अनुत्पादक क्षेत्र (भ्युटावर, पार्क, भवन निर्माण लगायत)मा बजेट खन्याइरहेका छन् । सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिङ प्रणाली अपनाउने भनिए पनि त्यसको दुरुपयोग भएको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहलाई २२ किसिमका एकल अधिकार दिएको छ भने अनुसूची ९ ले तिनै तहका सरकार बीचमा १५ वटा साझा अधिकार सूचीकृत गरेको छ । स्थानीय तहका आन्तरिक स्रोतका दायरा बढेका छन् । संघीय तथा प्रादेशिक सरकारबाट स्थानीय तहमा विनियोजन हुने सशर्त तथा निशर्त अनुदानमा पनि उल्लेख्य वृद्धि भएको छ । राजनीतिक अधिकार, विकेन्द्रीकरण लोकतन्त्रको सर्वाधिक सुन्दर पक्ष हो । उच्च तहको विकेन्द्रीकरण स्थानीय नागरिकले घरदैलोमा सेवा पाउँछन् तर विकेन्द्रीकरणमा अनियमितता भ्रष्टाचारजस्ता विकृति तथा विसंगति घुसे नागरिकले अत्यन्त दु:ख पाउँछन् ।

स्थानीय निकायमा भ्रष्टाचार तथा अनियमितता बढ्नुका थुप्रै कारण छन् । त्यसमध्ये पनि प्रमुख कारण अहिलेको निर्वाचन पद्धति हो । अहिलेको निर्वाचन पद्धतिमा पैसा खर्च नगरी चुनाव जित्न सकिँदैन । ठुलो रकम खर्च गरी चुनावपछि त्यो पैसा असुल गर्न विभिन्न तरिका अपनाई भ्रष्टाचार गर्नुपर्ने बाध्यता देखिएको छ ।

तसर्थ अहिलेको निर्वाचन प्रणालीलाई पूर्ण परिवर्तन गर्नुपर्छ । स्थानीय तहमा थुप्रै भ्रष्टाचार भए पनि केही सकारात्मक काम पनि भएका छन् । संघीय या प्रदेश सरकारसँग होइन, सीधा स्थानीय तहसँगै जनताका आवश्यकता र समस्याको समाधान खोज्न पद्धति बसेको छ । लोकतन्त्र र संघीयता दुवैलाई संस्थागत गर्न र सामाजिकीकरण गर्न उल्लेख्य सफलता हासिल गरेको छ ।

*(साभार: रातोपाटी)*

### एमालेको आरोप :

# सरकारकै कारण अर्थतन्त्र र शेयरबजार संकटमा

काठमाडौं/प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सरकारका कारण मुलुकको अर्थतन्त्र शिथिल भएको आरोप लगाएको छ ।

एमालेनिकट उद्योगी व्यवसायीको संगठन नेपाल उद्योग व्यवसायी महासंघले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा मंगलबार एमाले नेताहरुले उद्योग, व्यवसाय र सेयर बजारमा समस्या देखिनुको प्रमुख कारण नै सरकार भएको आरोप लगाएका हुन् ।

अध्यक्ष केपी शर्मा ओलीले सरकारको अकर्मण्यताका कारण अर्थतन्त्र, उद्योग धन्दा र सेयर बजार अप्ठ्यारो अवस्थामा पुगेको दाबी गरे । अर्थतन्त्रको सुधार सामान्य उपचारले नहुने भन्दै उनले भने, 'सिटामोल खाएर काम लाग्ने वाला छैन । यो रोग हट्दैन, एक दिनको ज्वरो पनि हट्ने अवस्था छैन ।'

यसो भन्दा एमालेलाई सरकारमा जान हतार भएछ कि क्या हो भन्ने अर्थ लाग्न सक्ने भन्दै ओलीले स्पष्टीकरण दिए, 'हामीलाई हतार छैन । हामी मिसन ०८४ मा लागेका छौं ।' उनले अगाडि भने, 'तर हामी के देखिरहेका छौं भने ०८४ को चुनावसम्म पुग्दा देशमा कुनै उद्योग रहन्छ वा रहँदैन ? शेयर बजार रहन्छ कि रहन्न अवस्था त्यस्तो भएको छ ।'

सरकारमा बस्नेहरुलाई अर्थतन्त्र सुधारबारे सोच्ने र छलफल गर्ने समय नभएको ओलीले बताए । 'अहिलेको अवस्थामा सरकार कसरी टिकाउने यसमै ध्यान छ', उनले भने, 'कुनै कदम चाल्ने, छलफल गर्ने फुर्सद समेत छैन ।'

एमालेका उपाध्यक्ष एवम् पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले देशको अर्थतन्त्र लयमा ल्याउने सम्भावना नभएको बताए । सरकारले अर्थतन्त्रको समस्या समाधानको लागि जतिसुकै कुरा र प्रयास गरे पनिसमस्या बुझ्न र समाधनको निर्णय गर्न नसक्ने उनको दाबी छ ।



निजी क्षेत्रले पनि प्रधानमन्त्री र अर्थमन्त्रीलाई ज्ञापनपत्र र ध्यानाकर्षण भन्दा पनिसडकबाट दबाब दिन आवश्यक रहेको पौडेलले बताए । 'अहिले अर्थतन्त्र दूरवस्थामा छ, समस्या आउनुको कारण निराकरण नगरी अर्थतन्त्रको समस्या समाधान हुन सक्दैन', उनले भने ।

नेता पौडेलले बैंकमा तरलता, विदेशी मुद्राको सञ्चिति, शोधनान्तर स्थिति र रेमिट्यान्समा सुधार आएको भन्दैमा अर्थतन्त्रमा सुधार भएको मान्न नमिल्ने जिकिर गरे । कार्यक्रममा एमालेका अर्का उपाध्यक्ष एवम् पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले सेयर धितो कर्जामा १२ करोड रुपैयाँसम्म ऋण दिने गरी लगाइएको सीमा हटाउनुपर्ने बताए ।

अहिले सेयर धितो कर्जामा जोखिम नभएको भन्दै जोखिम भार पनि घटाउनुपर्ने बताए । उपाध्यक्ष पाण्डेले कुल कर्जाको १० प्रतिशतसम्म सेयर बजारमा लगानी गर्न पाउनुपर्ने पनि धारणा राखे ।

'सरकारका सबै निकायहरुले 'आउट अफ द बक्स' भनेर सोच्नुपर्छ', उनले भने, 'अरु देशले के गरेका थिए भनेर नेपालमा त्यही लागु नहुन पनि सक्छ । भारतमा लगानी भएको कर्जाले रोजगारी बढेको छ । तर, नेपालमा हरेक वर्ष भारतको भन्दा बढी कर्जा लगानी हुँदा पनि रोजगारी बढेको छ ? त्यो लगानी कहाँ गएको छ ?'

नेपालको अर्थतन्त्रको समस्या कागजी तथ्यांक हेरेर मात्रै समाधान नहुने भन्दै पाण्डेले भने, 'हाम्रो अर्थमन्त्रीले गभर्नरले माने मैले सुधार गरिदिन्छु भनिरहनुभएको छ । समग्र अर्थतन्त्रको जिम्मेवारी लिने अर्थमन्त्री र प्रधानमन्त्रीले होइन ? गभर्नरले मानिदिए म गर्छु भन्ने कुनै तरिका हो ?'

अर्थमन्त्रीले राखेको प्रस्तावमा गर्भनरले आपत्ति नगर्ने भन्दै उनले प्रश्न गरे 'आज गभर्नरले गरे सबैकुरा सुधार होला ? मत त्यस्तो देख्दिन ।

अर्थतन्त्रमा ८५ प्रतिशत काम सरकारको र १५ प्रतिशत गभर्नरको भूमिका हुने पूर्वअर्थमन्त्री पाण्डेले बताए ।

पूर्वअर्थमन्त्री तथा एमाले नेता डा. युवराज खतिवडाले सेयर बजारको समस्यामा सरकार र राष्ट्र बैंक दोषी रहेको बताए । मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १५० प्रतिशतको जोखिम भार बढी भएको उनले बताए ।

नेप्से परिसूचक ३२ सय अंकमा हुँदाको जोखिम अहिले नभएको भन्दै बजारमा १५० प्रतिशतको जोखिम भार घटाउनुपर्ने उनको भनाइ छ ।

'अहिले बजार ओभर करेक्सन भइसक्यो भने जोखिम भार १५० किन राख्नुपर्छ ?', उनले प्रश्न गर्दै भने, 'बजार बढ्ने र घट्ने साइकलको कुरा हो । सेयर बजार माथि जान्छ भने त्यो बेला जोखिम बढी हुन्छ र जोखिम भार बढाउन हो । करेक्सन हुँदा जोखिम घट्छ भने जोखिम भार पनि घटाउने हो ।'

उनले आफू गभर्नर हुँदा कुल कर्जाको दुई प्रतिशत भन्दा धेरै सेयर धितो कर्जा बैंकले दिन नहुने व्यवस्था गरेको स्मरण गर्दै अहिले त्यही दुई प्रतिशत पुऱ्याउँदा पनि ३० देखि ४० अर्ब रुपैयाँ बजारमा जानसक्ने बताए ।

'३० देखि ४० अर्ब बजारमा जाँदा सेयर बजार चलायमान भइहाल्छ', उनले राष्ट्र बैंकप्रति लक्षित गर्दै भने, 'एउटा व्यवसायीले १ खर्बसम्म ऋण लिँदा त्यहाँ जोखिम देख्दैनौं । १२ करोड कसैले लगानी गऱ्यो भने त्यहाँ राष्ट्र बैंक जोखिम देख्छ । यो जोखिम देख्ने र लेख्ने प्रक्रिया पनि बुझिएन ।'

धितोपत्र बोर्डले कमजोर कम्पनीलाई पनि प्राथमिक सेयर निष्कासन गर्न दिएको भन्दै उनले प्रिमियममा आइरहेको आईपीओप्रति पनि प्रश्न गरे । 'बजार क्रयास हुँदैछ भने त्यसलाई संरक्षण गर्नुपर्छ', खतिवडाले भने, 'बजारलाई स्थायित्व दिने कुरामा राष्ट्र बैंक भन्दा बढी धितोपत्र बोर्ड भूमिका हुन्छ ।'

नेप्सेले कारोबारको फर्स्योटलाई छिटो बनाउँदा मात्रै पनि एक दिनमा धेरै कारोबार हुने उनले बताए । 'सेयर बजार अस्तव्यस्त छ । त्यो हेर्ने नियामक निकाय सरकार र अर्थ मन्त्रालय हो । अर्थमन्त्रीले यो जिम्मेवारीबाट उम्कन मिल्दैन', उनले भने, 'आ-आफ्नो क्षेत्रको काम जिम्मेवारीपूर्वक सबैले गर्दा अर्थ मन्त्रालयले राष्ट्र बैंकलाई र राष्ट्र बैंकले धितोपत्र बोर्डलाई हस्तक्षेप गर्न आवश्यक हुँदैन ।'

उनले अर्थतन्त्र मन्दीमा भएको बेला काउन्टर साइक्लिकल बफर लगाइएकोमा पनि आपत्ति जनाए । अहिलेको अवस्थामा अर्थतन्त्रलाई बुस्टर दिनुपर्ने भए पनि त्यसो नभएको खतिवडाको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासंघ पूँजी बजार फोरमका सदस्य सागर ढकालले सरकारको अव्यवहारिक नीतिका कारण नेपालको पूँजी बजार धराशायी भएको बताए ।

व्यापार, व्यवसाय विस्तार र विकास निर्माणका लागि छरिएर रहेको पूँजीलाई संकलन गर्ने पूँजी बजारलाई धराशायी पार्ने काम भइरहेको उनले आरोप लगाए । धितोपत्र ब्रोकर एसोसिएसन नेपालका अध्यक्ष समेत रहेका ढकालले अहिले वित्त नीति र मौद्रिक नीतिले माइक्रो म्यानेजमेन्ट गरेर पूँजी बजारलाई धरापमा पार्ने काम गरेको गुनासो गरे ।


'कुल जनसंख्याको २० प्रतिशत जनसंख्या पूँजीबजारमा आवद्ध छन् । कुल सूचीकृत कम्पनी २३८ पुगेको छ', उनले भने, 'तर राष्ट्र बैंकले सेयर बजारलाई धराशायी बनाउन अव्यवहारिक नीति अवलम्बन गरेर ४४ खर्ब पुगेको सेयर बजारको पूँजीकरण ३० खर्बमा झरिसकेको छ ।'

संस्थागत लगानीकर्ताका लागि करको दर बढी हुनु, करोडौं लगानीका कम्पनीहरुलाई ऋण र कममा सीमा तोक्नु, नियमनकारी निकायहरुले संस्थागत लगानीकर्तालाई न्यूनतम लगानी अवधि तोक्ने लगायतका कार्यबाट बजार निरुत्साहित भएको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'नाङ्गो गाउँ' हेरेपछि हिसिला भावुक, बाबुराममले भने- 'यथार्थ कथा'

काठमाडौं/भदौ २९ गतेबाट प्रदर्शनमा आएको फिल्म 'नाङ्गो गाउँ' हिट सावित भैसकेको छ । पहिलो हप्ताबाटै निर्माताले लगानी सुरक्षित गरेर सिक्वेल निर्माणको समेत घोषणा गरिसकेका छन् । दोस्रो हप्तामा पनि सुखद दर्शक पाइरहेको फिल्मले राजनीतिकर्मीहरुलाई हल तान्न थालेको छ । मंगलबार दिउँसो पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र पूर्वमन्त्री हिसिला यमी (भट्टराई)ले फिल्म हेरेका छन् ।



फिल्म हेरिसकेपछि हिसिला भावुक देखिएकी थिइन् । उनी आँखाबाट खसेका आँसु पुस्दै हलबाट बाहिरिएकी थिइन् । बाबुरामले भने फिल्मको कथावस्तु उत्कृष्ट लागेको बताए । मुख्य पात्र 'पासाङ' (दयाहाङ राई)ले चुनावमा पराजय भोगेपछि निराश हुँदै गाउँ छाडेको पक्ष भने आफूलाई चित्त नबुझेको उनको भनाई छ । यद्यपि, फिल्ममा आलोचना गर्नुपर्ने ठाउँ नभएको उनको जिकिर छ ।

उनले फिल्मको प्रमुख पात्रले राजनीतिमा हार खाएर गाउँ छाडेको जस्तो आफूले भने नछाड्ने दाबी गरे । उनले भने, 'यसपटक म गोखराबाट चुनावमा नउठ्नुको कारण पनि यही फिल्ममा देखाइएको छ । यो अहिलेको यथार्थ कथा हो । यद्यपि, चुनावमा पराजय हुँदैमा गाउँ छाड्नु हुँदैन भन्ने पक्षमा म छु ।' उनले निर्देशक दीपेन्द्र लामाले सधैं राम्रो फिल्म बनाउने गरेको भन्दै प्रशंसा पनि गरे ।

यस्तै, हिसिलाले फिल्मको सबै कुराले छोएको बताइन् । उनले पनि बाबुरामले झैं मुख्य पात्रले गाउँ छाड्ने कुरामा सहमति जनाइन् । 'फिल्म हेरेर अलि भावुक पनि भएँ । यद्यपि, फिल्ममा देखाइएको सबै चिज यथार्थ छन्,' उनले भनिन्, 'चुनावमा पराजय भोगेको मुख्य पात्रलाई फेरि राजनीतिमा फर्काइन्छ कि भन्ने लागेको थियो । तर, त्यसो भएन । त्यो कुरा चाहिँ फिल्ममा खड्किएको पाएँ ।'

हिमाल कडरियाको प्रस्तुतिमा बनेको फिल्ममा दयाहाङसँगै मिरुना मगर, शिशिर वाङ्देल, साम्राज्ञी राज्यलक्ष्मी शाह, कार्म, बुद्धि तामाङ, रविन्द्र झा, विसाल पहारी, अंकित खड्कालगायतको अभिनय छ । राम श्रेष्ठ निर्माता रहेको फिल्म राजनीतिक कथावस्तुमा आधारित छ । चुनावमा पराजय बेहोरेको पासाङ पात्र केही समयपछि गाउँ फर्किने कथामा आगामी वर्ष सिक्वेल निर्माण गरिँदैछ ।

# आमा बन्दै रेखा, 'उपहार'को छायांकन सक्न चटारो

काठमाडौं/अभिनेत्री तथा निर्मात्री रेखा थापा आमा बन्ने भएकी छन् । उनले आगामी माघ महिनामा पहिलो सन्तानलाई जन्म दिन लागेकी हुन् । उनको गर्भमा अहिले ५ महिनाको शिशु रहेको जनाइएको छ । रेखा स्वयंले आफू आमा बन्न लागेको कुराको पुष्टि गरेकी हुन् । गर्भवतीका बाबजूद उनी अहिले फिल्म 'उपहार'को सुटिङमा व्यस्त छिन् । केही दिनदेखि एक्सन सिनको छायांकन भैरहेको छ ।



रेखाको गर्भ बढ्दै गएकाले अहिले फिल्मको छायांकन सक्न चटारो परेको छ । उनले पनि विश्राम नगरी छायांकन भ्याउन मिहिनेत गरिरहेकी छन् । केही दिनमा छायांकन सकिने र त्यसपछि उनले आराम गर्ने बताइएको छ ।

२०७८ सालको माघमा जाजरकोटका बलराम शाहीसँग उनले अदालती विवाह गरेकी थिइन् । विवाह अगाडि उनीहरु प्रेम सम्बन्धमा थिए । शाही पर्यटन व्यवसायी हुन् ।

'उपहार' आगामी नयाँ वर्ष (२०८०)को छेको पारेर प्रदर्शन हुँदैछ । त्यसअघि रेखाले पहिलो सन्तानलाई जन्म दिनेछिन् । सन्तानको जन्म र फिल्म रिलिज सँगसँगै हुने भएपछि उनी खुसी देखिएकी छन् । २०५६ सालमा फिल्म 'हिरो'बाट सुखद डेब्यू गरेकी रेखाले करिब एक दशक नेपाली फिल्म क्षेत्रमा एकछत्र राज गरेकी थिइन् । आजभोलि उनी अभिनयभन्दा राजनीतिमा बढी सक्रिय छिन् ।

# दशैंमा बसको अग्रिम टिकट बुकिङ मोबाइलबाटै

काठमाडौं/नजिकिंदै गरेको वडा दशैंलाई लक्षित गरी सरकारले अग्रिम बुकिङ खुलाउने तयारी गरेको छ । यसका लागि एक चरण सरकार र यातायात व्यवसायी बीच छलफल समेत भइसकेको छ ।

अग्रिम बुकिङ खुलेसँगै हरेक वर्ष बसपार्कमा ठूलो भीड लाग्छ । टिकट लिन तँछाडमछाड चल्छ । तर, तपाईं प्रविधिमा अभ्यस्त हुनुहुन्छ भने अब टिकट काट्न बसपार्कमै भीडभाड गर्नु पर्दैन ।

अहिले विभिन्न अनलाइन माध्यमहरु बसको टिकट अग्रिम बुकिङ गर्न सञ्चालनमा छन् । जसको माध्यमबाट सजिलै आफ्नो गन्तव्यसम्मको बसको टिकट घर बसीबसी आफ्नै मोबाइलबाट बुकिङ गर्न सकिन्छ ।

नेपालमा अहिले सबैभन्दा ठूलो सञ्जाल बनाइसकेको अनलाइन माध्यम 'बस सेवा'ले ६० भन्दा बढी जिल्लामा जाने गरी अनलाइन टिकट काट्ने सुविधा उपलब्ध गराएको छ ।

बस सेवाका प्रमुख कार्यकारी अधिकृत पीआर खनालका अनुसार देशभरका ३ सय भन्दा बढी बस व्यवसायी कम्पनीसँग बस सेवाले सहकार्यको सम्झौता गरिसकेको छ । सोही अनुसार निर्धारित रुटमा अनलाइनबाटै टिकट बुकिङ गर्न सकिन्छ ।

यसका लागि बससेवाले ई-सेवा, खल्ती, फोन-पे, आईएमई-पे, माइ-मे, कनेक्ट आईपीएस सहितका भुक्तानी सेवा प्रदायक कम्पनीसँग सम्झौता गरेको छ । अर्थात् ती माध्यमबाट यात्रुले बसको टिकट पैसा तिर्न सक्छन् ।

**दैनिक दुईतर्फी ३५ हजार सिट अनलाइनमा उपलब्ध हुने**

बससेवाले मात्र दशैंमा दैनिक दुईतर्फी ३५ हजार वटा सिट अनलाइनबाट बुकिङ गर्न सकिने गरी व्यवस्था गर्न लागेको सीईओ खनालले जानकारी दिए ।

खनालका अनुसार अग्रिम बुकिङका लागि भने सरकारले अग्रिम बुकिङ खुलाएकै मितिदेखि मात्र अनलाइनमा पनि बुकिङ गर्न सकिन्छ । अनलाइनबाट टिकट बुक गर्दा यात्रु स्वयंले सिट हेरेर छान्न पाउने भएकाले सिट फरक पर्ने सम्भावना नहुने खनालले बताए ।

'अनलाइनबाट सिट बुक गर्दा उपलब्ध सिट मात्र बुकिङ गर्न मिल्छ,' उनले भने । यसले चाडबाडको समयमा यात्रु र बस स्टाफबीच हुने लफडा कम गर्न समेत सहयोग गर्ने खनालको भनाइ छ ।

**टुरिस्ट बसको टिकट मोबाइल एपबाटै**

उता, सामान्य बस भन्दा केही आरामदायी बसको यात्रा गर्न चाहने यात्रुले पर्यटक बसमा यात्रा गर्न सक्छन् । पर्यटक बसको टिकट समेत अब यात्रुले आफ्नो मोबाइल एपबाटै लिन सक्छन् । टुरिस्ट बस एसोसिएसन अफ नेपालले मोबाइल एप बनाएको छ ।

'टुरिस्ट बस नेपाल' नामक एप डाउनलोड गरी यात्रुले अब पर्यटक बस चल्ने गन्तव्यका लागि सजिलै टिकट बुक गर्न सक्ने एसोसिएसनका अध्यक्ष कृष्ण आचार्यले जानकारी दिए ।

आचार्यका अनुसार अहिले काठमाडौंबाट पोखरा, लुम्बिनी, जनकपुर र चितवनका लागि टुरिस्ट बस चल्ने गर्छन् । यी गन्तव्यमा सुविधा अनुसार विभिन्न तीन प्रकारका बस चल्छन् । यात्रुले ती बसमा मोबाइल एपबाटै टिकट लिन सक्ने आचार्यले जानकारी दिए ।

अहिले देशभर ४५ वटा कम्पनी टुरिस्ट बस सञ्चालनका लागि दर्ता भएका छन् । त्यसमध्ये ३२ वटा कम्पनीसँग 'वान-वे' ५० वटा बस सञ्चालनमा छन् । टुरिस्ट बसमा यात्रा गर्न चाहने यात्रुले दशैंसम्मका लागि समेत मंगलबार देखि नै टिकट बुकिङ गर्न सक्ने आचार्यले जानकारी दिए ।

'टुरिस्ट बसमा अग्रिम बुकिङका लागि सरकारको घोषणा पर्खनु पर्दैन,' अध्यक्ष आचार्यले भने, 'हाम्रोमा मंगलबारदेखि नै टिकट बुकिङ गर्न सकिन्छ ।'

टुरिस्ट बस एसोसिएनले भुक्तानीका लागि खल्तीसँग सम्झौता गरेको छ । सोहीकारण खल्ती एपबाट समेत टुरिस्ट बसको टिकट काट्न सकिन्छ । यसबाहेक प्रभु पेबाट समेत टुरिस्ट बसको भुक्तानी गर्न सकिने आचार्यले जानकारी दिए ।

**कहिले खुल्छ अग्रिम बुकिङ ?**

यातायात व्यवस्था विभागका अनुसार अहिले सरोकार वालासँग छलफल चलिरहेको छ । त्यसपछि अग्रिम बुकिङ खुलाउनेबारे निर्णय हुनेछ ।

विभागका सूचना अधिकारी ईश्वरी दत्त पनेरुले सरोकारवालासँग छलफल भइरहेको भन्दै अग्रिम बुकिङ खुलाउने मिति निश्चित भइनसकेको जानकारी दिए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले देशभरको सडकको भद्रगोल अवस्थालाई व्यवस्थापन नगरी अग्रिम बुकिङ खुलाउन नसकिने जानकारी सरकारलाई गराइएको बताउँछन् । अघिल्लो साता भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको बैठकमा व्यवसायीले कम्तिमा मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक खण्ड बीना अवरोध सञ्चालन हुन सक्ने गरी छिटो निर्माण सक्न माग गरिएको उनले बताए ।

'हामीले अग्रिम बुकिङ लिने तर त्यही सडकका कारण गाडी समयमा आउन सकेन भने गाली हामीले खान्छौं,' उनले भने, यो समस्यामा गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराएका छौं ।'

यसबाहेक भाडा समायोजनको विषय समेत व्यवसायीले राखेको उनले जानकारी दिए । २०७८ सालमै निर्णय भएको भाडा कार्यान्वयन गर्न अहिले पनि आलटाल भइरहेको छ, यसलाई पनि कार्यान्वयनमा लैजाऔं भन्ने हाम्रो माग छ । 'यो सम्बोधन हुनासाथ अग्रिम बुकिङ खुल्छ', उनले भने ।

# वीरगञ्जमा अनुमति नलिई सञ्चालित ९ कलेज महानगरले गरायो बन्द



काठमाडौं/वीरगञ्ज महानगरपालिकाले अनुमति नलिई सञ्चालन भएको भन्दै ९ वटा कलेज बन्द गराएको छ । ती प्रत्येक कलेजलाई १ लाख रुपैयाँका दरले जरिवाना पनि गरेको छ ।

महानगरले संस्थागत विद्यालय नियमन समिति बनाएर गत भदौ १३ गते अनुगमन गर्दा ९ वटा कलेजले आफैं अनुमति नलिएको तर अन्य विद्यालयको अनुमति पत्रका आधारमा कक्षा ११ र १२ को पठनपाठन गराउँदै आएको फेला पारेको थियो ।

त्यतिबेला यस्ता कलेज शिलबन्दी गरेको समितिले महानगर पालिकाको शिक्षा समितिमा कारबाहीको लागि सिफारिस गरेको थियो । महानगर शिक्षा समितिको सोमबार बसेको बैठकले ९ कलेजलाई सञ्चालनमा रोक र जरिवानाको निर्णय गरेको महानगर शिक्षा महाशाखाका अधिकृत आनन्द लामिछानेले जानकारी दिए ।

बन्द गराएका कलेजहरुमा वीरगञ्ज स्कुल अफ ल, युनिभर्सल कलेज, इम्पेरियल कलेज, अन्नपूर्ण पब्लिक कलेज, प्रिन्सटन कलेज, सत्यम पब्लिक कलेज, पर्सा म्यानेजमेन्ट कलेज, नेशनल कलेज रहेका छन् ।

यस्तै ती कलेजलाई अनुमति पत्र दिने ९ वटा विद्यालयलाई पनि महानगरपालिकाले ५० हजार रुपैयाँका दरले जरिवाना तिराएको छ ।

पिस जोन एकेडेमी, ओसिस मावि, ग्रिनल्याण्ड मावि, गोल्डेन बाटिका स्कुल, ज्ञान निकेतन मावि, न्यू वेभ एकेडेमी, एन्जल इन्टरनेशनल बोर्डिङ स्कुल, मुनलाइट इङ्लिस बोर्डिङ स्कुल र वीरगञ्ज सेन्ट्रल स्कुलले कक्षा ११ र १२ को सञ्चालनको पनि अनुमति पत्र लिएका थिए । तर आफूले कक्षा १० सम्म मात्र सञ्चालन गरेर ११ र १२ सञ्चालनको अनुमति अन्य कलेजलाई दिएका थिए ।

महानगरपालिकाले कलेज सञ्चालनका लागि पुन: अनुमति प्रक्रिया पूरा गरेर आउन भनेको छ । बन्द गराएका कलेजमा अध्ययन गर्ने विद्यार्थीलाई कक्षा ११ र १२ को अनुमति लिने विद्यालयले नै पठनपाठनको व्यवस्थापन गर्नुपर्ने महानगरपालिकाको शिक्षा समितिले जनाएको छ ।

महानगरले युनिभर्सल कलेजलाई अनुमति लिएको भन्दा फरक ठाउँबाट सञ्चालन गरेको भन्दै ५० हजार रुपैयाँ जरिवाना गरेको छ । यस्तै बैठकले अनुमति नलिएका शैक्षिक संस्थालाई भवन/कोठा भाडामा दिने घर धनीलाई घर बहाल कर तिर्न लगाउने र अबदेखि अनुमति नलिएका शैक्षिक संस्थालाई घर भाडामा नदिन सचेत गराउने निर्णय गरेको छ ।

# इनास अमेरिकाको अध्यक्षमा राहुल केसी निर्वाचित



काठमाडौं/अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) अमेरिकाको अध्यक्षमा अभिनेता राहुल केसी निर्वाचित भएका छन् । सन् २०२१ देखि २०२३ सम्म महासचिव रहेका उनी अब अध्यक्षको जिम्मेवारीमा आएका हुन् । आइतबार अमेरिकाको मेरिल्यान्डमा सम्पन्न राष्ट्रिय अधिवेशनबाट आगामी दुई वर्षका लागि अध्यक्षसहित १३ जनाको कार्यसमिति निर्वाचित भएको हो ।

वरिष्ठ उपाध्यक्षमा सृजन ताम्राकार, दुई उपाध्यक्षमा रिता श्रेष्ठ र अङ्कुश नेपाल, महासचिवमा प्रकाश नेपाल, कोषाध्यक्षमा दिनेश कार्की र सह-कोषाध्यक्षमा मनिष शर्मा निर्वाचित भए । यसै गरी कार्यसमिति सदस्यमा तथा प्रवक्तामा गोपालचन्द्र लामिछाने, सदस्यहरूमा अनिल तिमल्सेना, अरुणा कार्की, गोपाल अधिकारी, अमिता लामा र विश्व पौडेल निर्वाचित भएका छन् ।

यसैगरी विभिन्न राज्य समितिमा पदाधिकारी तथा सदस्य निर्वाचित भएका छन् । अमेरिकाको केन्टकी राज्य समिति अध्यक्षमा गोपाल नेपाल 'फिस्टे', मेरिल्यान्ड राज्य समिति अध्यक्षमा लक्ष्मण पौडेल र भर्जिनिया राज्य समिति अध्यक्षमा अर्जुन घिमिरे निर्वाचित भएका छन् ।

इनास ग्लोबलकी उपाध्यक्ष सबु गदाल कार्की तथा मेरिल्यान्डका नेपाली मूलका विधान सभा सदस्य डा. ह्यारी भण्डारीले पानसमा बत्ति बालेर राष्ट्रिय अधिवेशन सुरु गरेका थिए । अधिवेशनमा पत्रकार तथा निर्देशक प्रकाश सुवेदी, गायक तुलसी पराजुली, नायक रमेश उप्रेती तथा गायिका प्रविशा अधिकारीलाई विशेष सम्मान गरिएको थियो । इनास अमेरिकाको निवर्तमान अध्यक्ष कन्हैया सिंह परियार हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एमाले प्रतिनिधिले सोधे: मकवानपुर की रामेछाप ?

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ नेकपा एमाले बागमती प्रदेश कमिटीको नेतृत्व सहमतिमै चयन गर्ने प्रयास लगभग असफल भएको छ । अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई उपसचिवसहित २४० सदस्यीय नयाँ नेतृत्व चयन गर्दैछ ।

असोज ८ र ९ गते दुई दिनका लागि तय भएको अधिवेशन अरु दुई दिन लम्बिने देखिएको छ । नेतृत्व चयन गरेर मात्र अधिवेशन समापन हुने भएकाले अधिवेशन अवधि लम्बिने भएको नेताहरुको भनाइ छ । प्रदेश नेतृत्वका लागि आकाङ्क्षीहरुको लर्को लाग्दा अधिवेशन थप रोचक बन्दै गएको र केन्द्रीय नेताहरुले समेत चासोका साथ हेरेका छन् । प्रदेश नेतृत्व (अध्यक्ष) पदका लागि नेताहरु कैलाश ढुंगेल, कृष्णप्रसाद दाहाल, कृष्णभक्त पोखरेल, केशव पाण्डे र सानु श्रेष्ठले अध्यक्षमा आकाङ्क्षा देखाएका छन् । आकाङ्क्षीहरुले एकले अर्कालाई छोड्न तयार भइनसकेकाले निर्वाचनमार्फत नै नेतृत्व चयन हुने सम्भावना बढ्दै गएको प्रतिनिधिहरुले बताएका छन् ।



सोमबार एमाले अध्यक्ष केपी शर्माओलीले राष्ट्रिय सभागृहमा उद्घाटन गरेको अधिवेशनको मंगलबार प्रज्ञा प्रतिष्ठानमा बन्दसत्र चलेको छ । बन्दसत्रमा प्रदेश कमिटी अध्यक्षले पेश गरेको प्रतिवेदनमा समूहगत छलफल गरेर पारित गरेसँगै निर्वाचन प्रक्रिया सुरु हुने निर्वाचन मण्डलका सदस्य तथा एमाले नेता शेरबहादुर तामाङले जानकारी दिए । बागमती प्रदेश इन्चार्ज समेत रहेका गुरु बरालको नेतृत्वमा ११ सदस्यीय निर्वाचन मण्डल गठन भएको छ । जसमा शेरबहादुर तामाङ, देवी ज्ञवाली, आनन्दप्रसाद पोखरेल, गोकुलप्रसाद बाँस्कोटा, कमल चौंलागाईं, रामेश्वर फुयाँल, कृष्णबहादुर राई, सुशीला नेपाल, पार्वत गुरुङ र रत्ना गुरुङ सदस्य छन् ।

**रामेछाप कि मकवानपुर ?**

बागमती प्रदेशमा नेकपा एमालेका संगठित सदस्य झण्डै एक लाख १० हजार रहेका छन् । उनीहरुमध्येबाट ११ सय ३८ जना प्रतिनिधि छानिएर काठमाडौंमा अधिवेशनका लागि सहभागी छन् ।

एमाले अध्यक्ष ओलीले अधिवेशन उद्घाटन गर्दै व्यक्ति व्यक्तिलाई निर्वाचनमा प्रतिस्पर्धा गर्न छुट भएपनि प्यानल बनाएर निर्वाचनमा गए उम्मेदवारी नै खारेज गर्ने चेतावनी दिएपछि नेताहरु प्यानलविनै निर्वाचन प्रतिस्पर्धा गर्ने मुडमा देखिन्छन् । प्रज्ञा भवनमा भेटिएका अध्यक्षका आकाङ्क्षी कैलाश ढुंगेलले भने, 'सहमति भए ठिकै छ, नभए भोलि मतदान हुन्छ ।', निर्वाचन प्रक्रिया सुरु भैनसकेकाले अधिवेशन प्रतिनिधि भने अन्योलमा देखिन्छन् । 'खै के हुन्छ ? भन्न सकिँदैन । निर्वाचन हुन्छ भन्ने पनि छ, सहमतिको प्रयास भइरहेको पनि भन्ने सुनिन्छ', प्रतिनिधि तारानिधि पोखरेलले भने, 'जे भए पनि ठिकै छ ।',

सहमति कि निर्वाचन भन्ने अन्योल हुँदा प्रतिनिधिहरु भने आपसमा यदि निर्वाचन भए अध्यक्षमा कसलाई भोट हाल्ने भनेर कोडभाषामा खासखुस गरिरहेका भेटिए । एकले अर्कालाई भेट्दा उनीहरुबीच कुरा गरेको प्रस्टै सुनिन्थ्यो, 'रामेछाप की मकवानपुर ?' रामेछापको अर्थ कैलाश ढुंगेल र मकवानपुरको अर्थ कृष्णप्रसाद दाहाल भन्ने प्रस्टै बुझिन्थ्यो ।

**बुधबार बिहानबाट निर्वाचन कार्यक्रम**

नेकपा एमाले बागमती प्रदेश अधिवेशनको निर्वाचन कार्यक्रम बुधबार बिहान ८ बजेदेखि मात्रै सुरु हुने भएको हो । एमाले बागमतीले विद्युतीय मेसिनबाट मतदान गर्ने भएको छ ।

जसमा एक पटकमा ४४ जनाले मतदान गर्नसक्ने एमालेले जनाएको छ । यस्तै एकजनालाई मतदान गर्न करिब २० देखि २५ मिनेट लाग्ने जनाइएको छ । मतदान भने बिहीबार बिहान ८ बजेदेखि सुरु हुने नेताहरुले बताएका छन् । एमाले बागमती प्रदेश कमिटीको नेतृत्व सहमतिमै चयन गर्ने प्रयास असफल भएपछि निर्वाचन गर्न लागेको हो । अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई उपसचिव सहित २४० सदस्यीय नयाँ नेतृत्व चयन गर्नेछ ।

मंगलबार बन्दसत्रमा प्रदेश कमिटी अध्यक्ष केशवराज पाण्डेले प्रतिवेदन पेश गरेका थिए । १३ जिल्ला र जनसंगठन विभाग सहितको ७ समूहमा प्रतिवेदनमाथि छलफल सकेर टोली नेताले प्रतिवेदनमा उठाएका प्रश्नको अध्यक्ष पाण्डेले जवाफ दिएका थिए । प्रतिवेदन बन्दसत्रबाट पास भएको छ । एमाले बागमती प्रदेशमा ४० वर्ष मुनीकालाई छुट्टै क्लष्टर र १५ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न नेताहरुले माग गरेका छन् । बन्दसत्रमा जनसंगठन परिचालन निर्देशिका भने बनेन ।

# मनहरीको २ नम्बर वडामा १७ घरलाई खानेपानी धारा



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ मनहरी गाउँपालिका-२ दोभानमा १७ घरपरिवारका निम्ति निर्माण गरिएको खानेपानी धाराको मंगलबार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती र २ नम्बर वडाअध्यक्ष राजकुमार पाखिनले संयुक्त रुपमा नयाँ धाराको उद्घाटन गरेका हुन् । सिआरएस नेपालको आर्थिक सहयोग तथा सप्रोस नेपालको प्राबिधिक सहयोगमा स्थानीय जनताको श्रमदानमा धारा निर्माण सम्पन्न भएको हो । १८ घरधुरीलाई आयोजनाले समेट्ने लक्ष्य राखिए तापनि एउटा घरमा बाबू छोरालाई एउटै धाराले समेट्न सकिने भएर एउटा धारा कम भएको वडाअध्यक्ष पाखिनले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि एबम् गाउँपालिकाका अध्यक्ष कालाखेतीले खानेपानी जस्तो संबेदनशील र आत्यावश्यक सेवा जनतालाई उपलब्ध गराउन संघसस्थाले गरेको भूमिकाको खुलेर प्रसंशा गरे । वडाअध्यक्ष पाखिनले गाउँपालिका सरकार र आफ्नो वडा सरकारको एकघर एक खानेपानी धारा अभियानलाई सार्थकता दिन संस्थाहरुले गरेको योगदानलाई स्वागत गर्दै धन्यवाद दिए । आफ्ना वडामा अझै पनि खानेपानीको सहज पहुँच पुग्न नसकेको अवस्थामा आगामी दिनहरुमा साझेदार संघसंस्थाहरुसँग हातेमालो गरेर अगाडि बढ्ने बताए ।

खोला र कुवाबाट खानेपानी खाँदै आइरहेको दोभानबासीले आयोजना सम्पन्न भएसँगै शुद्ध पिउने पानी आफ्नो घरमै प्राप्त गर्नेछन् । योजना सम्पन्न भएपछि मनहरी-२ दोभानका १७ घरपरिवारका झण्डै १०८ जना लाभान्वित भएको सिआरएस नेपालका प्रतिनिधि कृष्ण घिमिरेले जानकारी दिए । १५ लाख ५९ हजार दुई सय पाँच रुपैयाँ ४१ पैसा अनुमानित बजेटको परिधिभित्र रहेर योजना सम्पन्न गरिएको योजनामा रिकभर परियोजना र समुदाय श्रमदान गरी जम्मा १२ लाख ९८ हजार आठ सय ९४ रुपैयाँ ४१ पैसा खर्च भएको बिबरणमा उल्लेख गरिएको छ ।

रिकभर परियोजनामार्फत् ११ लाख १३ हजार दुई सय ५४ रुपैयाँ ४१ पैसा खर्च भएको छ भने समुदाय श्रमदान अन्तर्गत १ लाख ८५ हजार छ सय ४० रुपैयाँ खर्च भएकोछ ।

उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा मनहरी-२ का वडासदस्य सुकराम मुक्तान, सिआरएस प्रतिनिधि घिमिरे, सप्रोस नेपाल प्रतिनिधि प्रबीण अर्याललगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमकै अबसरमा दोभान खानेपानी तथा सरसफाई आयोजनाले सार्बजनिक लेखापरीक्षण पनि सम्पन्न गरेको छ ।

# कृष्ण आदर्शमा खाना पकाउने समूहबीच प्रतिस्पर्धा

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडा उपमहानगरपालिका-९ स्थित कृष्ण आदर्श इङ्लिस बोर्डिङ स्कुलमा रहेको स्काउट ट्रुपमा मंगलबार अन्तरप्याट्रोल कुकुङ कम्पटिशन भएको छ ।

स्काउट विद्यार्थीको सीप र क्षमता विकासका लागि स्काउटले खानाका परिकार बनाउने अन्तर समूह प्रतिष्पर्धा गराएको हो । प्रति समूहमा ८ जनाका दरले ५ वटा समूहलाई नेपाली खाना बनाउने प्रतिष्पर्धामा उतारिएको थियो । २ घण्टाको समयसीमाभित्र सबैभन्दा स्वादिलो, साजसज्जायुक्त र सफा किचनमा व्यवस्थित तरिकाले खाना पकाउने ३ वटा समूहलाई उत्कृष्ट घोषित गरिएको थियो । स्काउट विद्यार्थीले तोकिएको समयमा भात, तरकारी, दाल, साग, अचार, मासुलगायतका परिकार तयार गरेका थिए ।

प्रतिष्पर्धामा चिता, पिकक र हर्स प्याट्रोल उत्कृष्ट घोषित भएका थिए । प्रतियोगितामा विजयीलाई मेडल र सहभागी सबैलाई कुकिङ मेरिट वायज र प्रमाणपत्र प्रदान गरिएको स्काउटका राष्ट्रिय सहायक प्रशिक्षक अशोक सारुमगरले जानकारी दिए ।

विद्यार्थीको क्षमता र सीप विकासमा स्काउटले गरेको प्रतिस्पर्धा प्रसंशनीय रहेको कृष्ण आदर्श बोर्डिङ स्कुलका सञ्चालक नवीन केसीले बताए ।

# बसपार्क नजिकै तामाङ संग्रहालय बन्ने

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडा उपमहानगरपालिकाद्वारा बिनियोजित बजेटमार्फत १० नम्बर वडास्थित बसपार्क नजिकैको टोनी हेगन पार्क क्षेत्रमा तामाङ संग्रहालय निर्माण हुने भएको छ ।

चालु आर्थिक वर्षमा १ करोड रुपैयाँ बिनियोजन गरिएको बजेटबाट निर्माण सुरु गर्न लागिएको संग्रहालय निर्माणस्थलमा हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामाको उपस्थितिमा भूमिपूजा गरिएको छ । बौद्धधर्म विधि अनुसार धर्मगुरु छुल्ठिमदोर्जे लामाले भूमिपूजा तथा सिलान्यास गरेका छन् । नेपाल तामाङ घेदुङ मकवानपुरका बरिष्ठ उपाध्यक्ष आत्माराम मुक्तानको अध्यक्षतामा गठित संग्रहालय निर्माण उपभोक्ता समितिले भवनको निर्माण कार्य सुरु गर्न लागेको हो । ४ हजार वर्गफिटमा डेढ तल्लासम्म संग्रहालयको भवन निर्माण कार्य सुरुवात गरिएको छ ।

गत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको एक वर्षपछि मात्र संग्रहालयको निर्माण कार्य थालनी गरिएको छ । भूमिपूजा तथा सिलान्यास कार्यक्रममा नेपाल तामाङ घेदुङ बागमती प्रदेश अध्यक्ष लिलाकुमार घलान, हेटौंडा-१० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा, नेपाल तामाङ घेदुङ मकवानपुर इन्चार्ज सुवास सिन्तान, जिल्ला अध्यक्ष कालु घलान, सचिव किरणमान बल, सल्लाहकार अमर लामा, भुटनदेवी युवा क्लब अध्यक्ष सविन मोक्तान लगायतको आतिथ्यता रहेको थियो ।


## Invitation for E-bid

**Goat Development Farm, Chitlang, Makwanpur**

*Date of publication: 2080/06/10 (27 September 2023)*

1. Goat Development Farm invites electronic sealed quotation from registered bidders/Suppliers respectively for the below mentioned work in para.7
2. Bidder shall submit their bid electronically, may download the bidding documents for e-submission from PPMO's e-GP *www.bolpatra.gov.np/egp* and should deposit the cost of bidding document in the following account.
   Name of the Bank: Rastriya Banijya Bank, Hetauda
   Name of Office : Goat Development Farm
   Bank Account no.: 1000200010000 Revenue shirshak no: 14229
   Office code: 3120232023
3. Sealed quotation must be submitted to the Goat Development Farm through *www.bolpatra.gov.np/egp* on or before 12:00 noon on 25 Ashoj 080 (12 October, 2023) . Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12 October, 2023, 13:00 noon at the office of Goat Development Farm, Chitlang, Makwanpur. Bid bond must be valid for a period ofas mentioned in para.7 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No1300100202030000, Account name: Pra.le.Ni.Ka., Dharauti Khata Office code: 3120232023 at Rastriya Banijya Bank, Hetauda branch.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
7. The name and identification of the contract are as follows:

| Identification no: | Work Description | Total amount withVAT | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/Bid Bond Validity Period |
|---|---|---|---|---|---|
| boundary-01/080/81 | Fencing work at boundary | 19,39,957.30 | 50000.00 | 1000 | 45 days/75days from last date of bid submission |

For any queries please contact 9867600238,9855069484

**Bisheshwar Prasad yadav**
**Farm Manager**



## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना !**

*प्रथम पटक प्रकाशित मिति २०८०/०६/१०*

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा प्रतिस्पर्धाको माध्यमबाट २०८१ साल असार मसान्तसम्म करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन नगर कार्यपालिकाको मिति २०८०।०५।१८ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | सेवा/ समूह | संख्या | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | ४/०८०/८१ | मेडिकल अधिकृत/ अधिकृत आठौं | स्वास्थ्य/ज.हे.स. | २ (दुई) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| २. | ५/०८०/८१ | स्टाफ नर्स/ सहायक स्तर पाँचौ | स्वास्थ्य/जनरल नर्सिङ | २ (दुई) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ३. | ६/०८०/८१ | ल्याब टेक्निसियन/ सहायक स्तर पाचौं | स्वास्थ्य/ मे.ल्या.टे | १ (एक) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ४. | ७/०८०/८१ | कम्प्युटर अपरेटर/ सहायक स्तर पाँचौ | प्रशासन/विविध | ७ (सात) | हेटौंडा उपमहानगरपालिका तथा अन्तर्गतका सबै वडाहरुमा |
| ५. | ८/०८०/८१ | अ.हे.ब./ सहायक चौंथो | स्वास्थ्य/ हे.इ. | १ (एक) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ६. | ९/०८०/८१ | कार्यालय सहयोगी | प्रशासन | ४ (चार) | हेटौंडा उपमहानगरपालिका तथा अन्तर्गतका कार्यालय/सेवा केन्द्र |

**१.आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) मेडिकल अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. गरेको साथै NMC मा दर्ता भएको ।
ख) स्टाफ नर्स पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र काउन्सिलमा दर्ता भएको ।
ग) ल्याब टेक्निसियन पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र काउन्सिलमा दर्ता भएको ।
घ) कम्प्युटर अपरेटर पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpowerको लागि संचालित ६ महिनाको तालिम प्राप्त गरेको ।
(मिति २०७८/९/७ भन्दा अघि जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E.) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मान्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A.) 1.6 रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।)
ङ) अ.हे.व. पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व.वा सि.एम.ए. कोर्स उत्तीर्ण गरेको ।
च) कार्यालय सहयोगी पदको लागि : ८ कक्षा उत्तीर्ण गरेको ।

२) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
४) दरखास्त दिने स्थान : हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।
५. दरखास्त दिने अन्तिम मिति : २०८० साल असोज २३ गते (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट)
६. आवेदन दस्तुर : मेडिकल अधिकृतको पदको लागि रु. १२०० (एक हजार दुई सय मात्र), स्टाफ नर्स र ल्याब टेक्निसियन पद र कमप्युटर अपरेटर पदको लागि रु. ७०० (सात सय मात्र), अ.हे.ब. पदको लागि रु. ५०० (पाँच सय मात्र) र कार्यालय सहयोगी पदको लागि रु.२०० (दुई सय मात्र)
७. छनौटको किसिम : लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता
८. प्राथमिकता : मेडिकल अधिकृत बाहेकका पदको हकमा सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दाले प्राथमिकता पाउने छ ।
९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नेपाली नगरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्य अनुभव भए सोको कागजात

१०. सेवा सुविधा तथा कार्य अवधी: सम्झौतामा उल्लेख भए बमोजिम ।
११. कार्यविवरण : सम्बन्धित सेवा समूह पद तथा तहले गर्ने गरी तोकिएका कार्य तथा उपमहानगरपालिकाका नियमानुसार ।
१२. परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।
१३. उल्लेखित पदको लागि आवेदनको ढाँचा कार्यालयको वेवसाइट hetaudamun.gov.np बाट उपलब्ध हुनेछ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना